मध्यनेपाल नगरपालिका

भोर्लेटार, लमजुङ

## नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरु:

(वैठक संख्या: ११/२०८१-०८२, मिति: २०८२/०१/०२)

१. **विगतका वैठकको समिक्षा सम्बन्धमा:** नगर कार्यपालिकाको दशौं वैठक र सो भन्दा अगाडि विभिन्न मितिमा वसेका वैठकहरुको छलफल तथा समीक्षा गरीयो।

२. **शुभकामना आदान प्रदान सम्वन्धमा:** नयाँ वर्ष २०८२ को पावन अवसरमा, जनप्रतिनिधि कर्मचारी बीच शुभकामना आदान-प्रदान गर्नुका साथै मध्यनेपालवासी सम्पूर्ण जनताहरु लगायत स्वदेश तथा विदेशमा वस्नुहुने सम्पूर्ण नेपाली दिदि बहीनी तथा दाजुभाई हरुमा नयाँ वर्षको शुभकामना सन्देश जारी गर्ने।

३. **नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन सम्बन्धमा:** मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराको मिति २०८१/१२/२२ मा प्रकासित सूचना अनुसार आ.व. २०८१/०८२ को नवप्रवर्तन साझेदारी कोष अन्तर्गत बृहत व्यवसायिक आधुनिक मौरीपालन प्रवर्द्धन परियोजनाका लागि रितपूर्वक अवधारणापत्र पेश गर्ने। "नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८" बमोजिम उक्त कार्यक्रमका लागि यस नगरपालिकावाट ३० प्रतिसत लागत साझेदारी गर्ने र उक्त कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको सहजिकरणको निमित्त देहाय बमोजिमको नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गरी फोकल पर्सनको रुपमा कृषि स्नातक श्री सुष्मा अधिकारीलाई तोक्ने।

<u>देहाय:</u>

प्रमुख प्रशासकीय अधिकृत श्री चण्डिका पौडेल —संयोजक

लेखा अधिकृत श्री सरोज पराजुली —सदस्य

प्रशासकीय अधिकृत श्री प्रताप शर्मा —सदस्य

ईन्जिनियर श्री विष्णु प्रसाद वास्तोला —सदस्य

कृषि अधिकृत श्री सुष्मा पनेरु —सदस्य

पशु विकास अधिकृत डा.खिल बहादुर राना मगर —सदस्य

सहायक प्रशासकीय अधिकृत श्री रमेश पौडेल —सदस्य

सूचना प्रविधि अधिकृत श्री पदम बहादुर दरै —सदस्य

४. **प्रदेश समपुरक अनुदान र विशेष अनुदान सम्वन्धमा:** गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखराको च.नं. ४९४ मिति २०८१/१२/१३ को पत्रानुसार आगामी आ.व. २०८२/०८३ का लागि प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि तपसिल बमोजिमको प्राथमिकता क्रम अनुसार आयोजना/कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने।

तपसिलः

क. समपुरक अनुदानः

| क्र.सं. | योजना कार्यक्रमको नाम | कुल लागत रकम रु. | लागत साझेदारी रकम रु. | |
|---|---|---|---|---|
| | | | गण्डकी प्रदेश | मध्यनेपाल नगरपालिका |
| १. | भोर्लेटार चक्रपथ सडक | १,५५,३६,०९९.३५ | ६०,००,०००.०० | ९५,३६,०९९.४० |
| २. | पराजुलीवेशी-समिभञ्याङ सडक | १,५२,०५,६४१.१६ | ६०,००,०००.०० | ९२,०५,६४१.२० |
| ३. | बाँग्रेवेशी चक्रपथ सडक | १,५२,४३,४९८.३४ | ६०,००,०००.०० | ९२,४३,४९८.३० |

ख. विशेष अनुदानः

| क्र.सं. | योजना कार्यक्रमको नाम | कुल लागत रकम रु. | माग गरिएको कुल रकम रु. |
|---|---|---|---|
| १. | बाँग्रे गाउँ खानेपानी योजना | ३९,६९,३७७.४३ | ३९,६९,३७७.४३ |
| २. | मिदिङ्ग खोला तटवन्ध योजना | ३९,६०,३५०.२३ | ३९,६०,३५०.२३ |
| ३. | पिस्ति खोला तटवन्ध योजना | ३९,८०,२४८.६६ | ३९.८०,२४८.६६ |

५. **स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा:-** नगर शिक्षा समितिको मिति २०८१।०७।१४ मा बसेको वैठकको निर्णय अनुसार राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार कक्षा ६, ७ र ८ को पाठ्यघण्टा-४ रहेको स्थानीय विषयको पाठ्यक्रम निर्माण तथा विकासका लागि शिक्षा शाखा प्रमुख उपसचिव श्री रुद्रनारायण सापकोटाको संयोजकत्वमा गठित लेखन तथा विकास समिति मार्फत तयार गरी पेश भएको "हाम्रो मध्यनेपाल" नामक स्थानीय पाठ्यक्रम स्वीकृत गरि यसै शैक्षिक सत्र २०८२ देखि नगरपालिकाका सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा लागू गर्ने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

**निर्णय प्रमाणीत गर्ने**

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पाण्डे
नगर प्रमुख

मितिः२०८२/०१/०२